नेपाल सरकार

# सूचना तथा सञ्चार मन्त्रालयको

## सूचना

## चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (तेस्रो संशोधन) नियमावली, २०६४

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (तेस्रो संशोधन) नियमावली, २०६४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम १० मा उपनियम (५क) थपः चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०५७ को नियम १० को उपनियम (५) पछि देहायको उपनियम (५क) थप गरिएको छः-

"(५क) यो उपनियम प्रारम्भ हुँदाका बखत उपनियम (४) बमोजिम इजाजतपत्र नवीकरण नगरेका इजाजत प्राप्त व्यक्तिले यो उपनियम प्रारम्भ भएको मितिले छ महिनाभित्र यस नियम बमोजिम लाग्ने नवीकरण दस्तुर र सो बराबरको थप दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउन सक्नेछ ।"

आज्ञाले,<br>
(शंकर प्रसाद कोइराला)<br>
नेपाल सरकारको का.मु. सचिव